नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

# प्रेस विज्ञप्ती

## भारतीय अन्तरराष्ट्रिय व्यापार मेला (IITF) 2021मा नेपालको सहभागितामा सम्पन्न

भारतको राजधानी नयाँ दिल्ली स्थित प्रगति मैदानमा Nov. 14-27,2021 मा आयोजना भएको भारतीय अन्तराष्ट्रिय व्यापार मेला (IITF Nov. 14-27,2021) मा नेपालले सहभागिता जनाई सम्पन्न भएको छ । नेपाली राजदुताबास नयाँ दिल्ली भारतको समन्वय तथा व्यापार तथा निकासी प्रवर्दन केन्द्रको आर्थिक सहयोगमा नेपालले यस व्यापार मेलामा नेपाल पेभिलियन निर्माणको लागि ४० वर्गमिटर क्षेत्रफलमा ५ ओटा स्टल मार्फत नेपालका ६ वटा उद्योग, कम्पनी, फर्म तथा व्यवसायीहरुले सहभागिता जनाएको थियो । आयोजक राष्ट्र भारत लगायत विश्वबाट करिव १५ राष्ट्रले भाग लिएको यस व्यापार मेलामा घरायसी सामान, व्रिद्युतीय समाना, जुटजन्य बस्तु, तयारी पोशाक, कस्मेटिक सामानहरु, इलेक्टिक सामान, हस्तकलाका सामाग्री लगायतका वस्तुहरको प्रर्दशनी गरिएको थियो । India Trade Promotion Organization (ITPO) ले यो मेला आयोजना गरेको थियो । नेपालबाट भारत तर्फ निकासी योग्य वस्तुहरु मध्येबाट जुट तथा अल्लोका कपडा, नेपाली टोपी, सोभिनियरका वस्तु, पशिमना हस्तकलाका समागृीहरु, धातुबाट बनेका सामानहरु फेल्टका सामाग्री, नेपाली खुकुरी, रुद्राक्ष, शीगिङ बाउल नेपाली पेभिलियनबाट विक्री एव प्रर्दशन गरिएको थियो । नेपाली राजदुताबास नयाँ दिल्लीको समन्वयमा उक्त व्यापार मेलाको अवसरमा B2B Meeting एवं नेपालको पर्यटकीय क्षेत्रको प्रचार तथा नेपाली मौलिक, सांस्कृतिक, धार्मिक पर्यटन समेतको प्रर्वद्धनको प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु आयोजना गरिएको थियो । केन्द्रले यस व्यापार मेलाबाट नेपाल भारत वीचको व्यापारिक सम्बन्धमा विस्तार तथा नेपाली व्यवसायीले आीर्थक एव व्यवसायिक लाभ प्राप्त गर्न सक्ने अपेक्षा गरेको छ । यस व्यापार मेलामा भारतका विभिन्न प्रान्त, सरकारी निकायहरु, विभिन्न भारतिय बहुराष्ट्रिय कम्पनीहरुका स्टल रहनुका साथै व्यवसायी भेटघाट, सूचना आदान प्रदान, व्यापार सम्बन्धी गोष्ठी एवं अन्तरक्रिया र छलफल लगायतका कार्यक्रमहरु समेत आयोजना गरिएको थियो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नयाँ दिल्ली स्थित नेपाली राजदुतावबासका कर्मचारीहरुबाट व्यापार मेलाको अनुगमन, सहजिकरण र व्यवस्थापनका कार्यहरु गरि यस अन्तरराष्ट्रिय व्यापार मेलामा नेपालको सहभागिता सहित सफलतापूर्वक सम्पन्न भएको थियो ।

२०७८।८।१५